# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६६/६७ को पहिलो दुई महिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

१. आर्थिक वर्ष २०६६/६७ को पहिलो दुई महिनासम्ममा विस्तृत मुद्राप्रदाय ३.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त मुद्राप्रदाय २.९ प्रतिशतले बढेको थियो । संकुचित मुद्राप्रदाय भने अघिल्लो वर्ष ४.६ प्रतिशतले घटेको तुलनामा समीक्षा अवधिमा ०.६ प्रतिशतले बढेको छ । नेपाल सरकारमाथिको खुद दावी कम दरले घटेको र अमौद्रिक दायित्वमा कमी आएकोले मौद्रिक योगाङ्कहरूको वृद्धिदर उच्च रहेको हो ।

२. आवधिक निक्षेप अघिल्लो वर्ष ६.३ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ४.४ प्रतिशतले बढेको छ । संकुचित मुद्राप्रदायको अंशमध्ये चलनचल्तीमा रहेको मुद्रा समीक्षा अवधिमा ३.५ प्रतिशतले बढी १३० अर्ब २१ करोड पुगेको छ । अघिल्लो वर्ष उक्त मुद्रा १.५ प्रतिशतले घटेको थियो । माग निक्षेप भने अघिल्लो वर्ष १०.३ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा ४.७ प्रतिशतले घटेको छ ।

३. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा नोक्सान समायोजित) १.७ प्रतिशत (रू ३ अर्ब ७६ करोड) ले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति १.१ प्रतिशत (रू १ अर्ब ८९ करोड) ले घटेको थियो ।

### कुल आन्तरिक कर्जा

४. आर्थिक वर्ष २०६६/६७ को पहिलो दुई महिनासम्ममा आन्तरिक कर्जा २.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त कर्जा ४.३ प्रतिशतले बढेको थियो । मुख्यतः निजी क्षेत्रतर्फको कर्जा प्रवाहको वृद्धिदरमा कमी आएकोले आन्तरिक कर्जाको विस्तारमा कमी आएको हो । समीक्षा अवधिमा वित्त कम्पनी तथा अन्य वित्तीय संस्थाहरूमा वाणिज्य बैंकहरूको लगानी कम दरले बढेकोले पनि आन्तरिक कर्जाको विस्तारमा कमी हुन गएको हो ।

५. समीक्षा अवधिमा नेपाल सरकारमाथिको दावी रू २३ करोड (०.२ प्रतिशत) ले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त दावी रू ४ अर्ब ५८ करोड (५.३ प्रतिशत) ले घटेको थियो । अघिल्लो वर्षको यसै अवधिमा भन्दा समीक्षा अवधिमा साधन परिचालनको तुलनामा खर्चको विस्तार उच्च रहेकोले नेपाल सरकारमाथिको खुद दावी कम दरले घटेको हो ।

### वाणिज्य बैंकहरूको बचत परिचालन तथा कर्जा प्रवाहको स्थिति

६. आर्थिक वर्ष २०६६/६७ को पहिलो दुई महिनासम्ममा वाणिज्य बैंकहरूको कुल निक्षेप परिचालन रू १७ अर्ब ८ करोड (३.१ प्रतिशत) ले बढी रू. ५६६ अर्ब ९१ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा कुल निक्षेप परिचालन रू १९ अर्ब ५४ करोड (४.६ प्रतिशत) ले बढेको थियो । त्यस्तै, समीक्षा अवधिमा वाणिज्य बैंकहरूको निजी क्षेत्रतर्फको कर्जा २.६

प्रतिशत (१० अर्ब ४२ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा ५.९ प्रतिशत (रू १८ अर्ब १ करोड) ले बढेको थियो ।

७. निजी क्षेत्रतर्फको कर्जामध्ये उत्पादनमूलक क्षेत्रतर्फको कर्जाको वृद्धिदर अघिल्लो वर्षको भन्दा कम रहेको छ । अघिल्लो वर्षको पहिलो दुई महिनासम्ममा उक्त क्षेत्रतर्फको कर्जा ६.२ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ०.३ प्रतिशतलेमात्र बढेको छ । समीक्षा अवधिमा थोक तथा खुद्रा व्यापारतर्फको कर्जा ५.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त क्षेत्रतर्फको कर्जा २.३ प्रतिशतले बढेको थियो ।

## तरलता व्यवस्थापन

८. आर्थिक वर्ष २०६६/६७ को पहिलो दुई महिनासम्ममा खुला बजार कारोवारअन्तर्गत बिक्री बोलकबोलमार्फत् रू ७ अर्ब ४४ करोड र रिभर्स बोलकबोलमार्फत् रू १ अर्ब गरी कुल रू ८ अर्ब ४४ करोड बराबरको तरलता प्रशोचन भएको छ । अघिल्लो वर्षको यसै अवधिमा खुला बजार कारोवार अर्न्तगत बिक्री बोलकबोलबाट रू ३ अर्ब ५० करोड र रिभर्स रिपो बोलकबोलबाट रू ५ अर्ब ५२ करोड गरी रू ९ अर्ब २ करोडको खुद तरलता प्रशोचन भएको थियो ।

९. आर्थिक वर्ष २०६६/६७ को पहिलो दुई महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर २० करोड १४ लाख खुद खरिद गरी रू १५ अर्ब ६२ करोड बराबरको तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको यसै अवधिमा विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर १७ करोड ४९ लाख खुद खरिद गरी रू १२ अर्ब १९ करोड बराबरको तरलता प्रवाह गरेको थियो ।

१०. समीक्षा अवधिमा अमेरिकी डलर ५१ करोड बिक्री गरी भा. रू. २४ अर्ब ६८ करोड खरिद भएको छ । अघिल्लो वर्षको यसै अवधिमा अमेरिकी डलर २० करोड बिक्री गरी भा.रू. ८ अर्ब ६१ करोड खरिद भएको थियो । भारतसंगको व्यापार घाटा वृद्धि भएकोले समीक्षा अवधिमा भा.रु खरिद वढेको हो ।

## स्थायी तरलता सुविधा र अन्तर बैंक कारोवार

११. आर्थिक वर्ष २०६६/६७ को पहिलो दुई महिनासम्ममा वाणिज्य बैंकहरुले स्थायी तरलता सुविधाअन्तर्गत रू ३५ करोड उपयोग गरेका छन् । अघिल्लो वर्षको यसै अवधिमा भने उक्त सुविधा अन्तर्गत वाणिज्य बैंकहरूले कुल रू २१ अर्ब ८७ करोड उपयोग गरेका थिए । समीक्षा अवधिमा वाणिज्य बैंकहरूले कुल रू ३९ अर्ब २९ करोड बराबरको अन्तर-बैंक कारोवार गरेका छन् । अघिल्लो वर्षको यसै अवधिमा कुल रू ४४ अर्ब ३३ करोड बराबरको अन्तर बैंक कारोवार भएको थियो ।

## अल्पकालीन व्याजदर

१२. आर्थिक वर्ष २०६६/६७ को पहिलो दुई महिनासम्ममा ९१- दिने ट्रेजरी विल्सको भारित औसत व्याजदर २.४१ प्रतिशतमा झरेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त व्याजदर ३.७३ प्रतिशत रहेको थियो । अघिल्लो वर्षको यसै अवधिमा भारित औसत अन्तर-बैंक व्याजदर २.३३ प्रतिशत रहेकोमा समीक्षा अवधिमा २.० प्रतिशत कायम भएको छ । समीक्षा

अवधिमा १-महिने तथा ३-महिने मुद्दती निक्षेपको अधिकतम व्याजदर ०.५ प्रतिशत विन्दुले बढी क्रमशः ५.७५ र ६.५ प्रतिशत हुन पुगेको छ ।

## धितोपत्र बजार

१३. वार्षिक विन्दुगत आधारमा नेप्से सूचकाङ्क २०६५ भदौ मसान्तको ९७६.०१ को तुलनामा २०६६ भदौ मसान्तमा ३५.६ प्रतिशतले कमी आई ६२८.३४ विन्दुमा झरेको छ । २०६३ असार मसान्तलाई आधार मानी गणना गरिएको नेप्से सेन्सिटिभ सूचकाङ्क २०६६ भदौ मसान्तमा १६०.७९ रहेको छ । यो सूचकाङ्क २०६५ भदौ मसान्तमा २५८.१५ रहेको थियो । नेपाल स्टक एक्सचेन्ज लिमिटेडले २०६५ भदौ ८ गतेको अन्तिम कारोवारलाई वजार मूल्यको आधारमानी  गणना गरिएको NEPSE Float Index २०६६ भदौ मसान्तमा ५९.७४ रहेको छ ।

१४. २०६६ भदौ मसान्तमा बजार पूंजीकरण वार्षिक विन्दुगत आधारमा १३.६ प्रतिशतले कमी आई रु.४४० अर्ब ५३ करोड पुगेको छ । परिणामस्वरुप २०६६ भदौ मसान्तमा बजार पूंजीकरणको कुल गार्हस्थ्य उत्पादनसंगको अनुपात ४५.९ प्रतिशत पुगेको छ । २०६५ भदौ मसान्तमा यस्तो अनुपात ६२.२९ प्रतिशत रहेको थियो । सूचीकृत कम्पनीहरुको वजार पूंजीकरणमा विगतमा झैं बैंक तथा वित्तीय संस्थाहरुले नै सबैभन्दा ठूलो हिस्सा ओगटेका छन् । कुल बजार पूंजीकरणमा बैंक तथा वित्तीय संस्थाहरुको ७३.८ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको १.८ प्रतिशत, होटलहरुको १.१ प्रतिशत, व्यापारिक संस्थाहरुको ०.४ प्रतिशत, जलविद्युतको ३.९ प्रतिशत र अन्यको १९.१ प्रतिशत अंश रहेको छ ।

१५. सूचीकृत कम्पनीहरुको चुक्ता पूंजीको वार्षिक वृद्धि ३८.४ प्रतिशत रही २०६६ भदौ मसान्तमा रु.६३ अर्ब ६६ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूजीमा वृद्धि भएको हो । यस आर्थिक वर्षको भदौ मसान्तमा रु. १५ करोड २२ लाख बराबरको बोनस शेयर, रु. १ अर्ब ९८ करोड ०७ लाख बराबरको हकप्रद शेयर गरी कूल रु.२ अर्ब १३ करोड ३० लाख बराबरको थप धितोपत्र रकम सुचिकृत भएको छ ।

१६. २०६६ भदौ मसान्तमा मासिक कारोवारको बजार पूंजीकरणसंगको अनुपात (Turnover Ratio) ०.४९ प्रतिशत रहेको छ । यस्तो अनुपात २०६५ भदौ मसान्तमा ०.६० प्रतिशत रहेको थियो ।

१७. २०६६ भदौ मसान्तमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत भएका कम्पनीहरुको संख्या १५९ रहेको छ । २०६५ भदौ मसान्तमा यो संख्या १४४ रहेको थियो । हाल सूचीकृत कम्पनीहरुमध्ये १२८ वटा वित्तीय संस्था (बिमा कम्पनि समेत), १८ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था ३ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

१८. शेयरबजारको उतारचढाव (Volatility) मापन गर्नका लागि प्रयोग गरिने १२ महिनाको Rolling Standard Deviation २०६५ भदौ मसान्तमा ११२.८ रहेकोमा २०६६ भदौ मसान्तमा ८५.६ पुगेको छ ।

# मुद्रास्फीति र तलब तथा ज्यालादर

## उपभोक्ता मुद्रास्फीति

१९. आर्थिक वर्ष २०६६/६७ को दुई महिनासम्ममा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ९.७ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा यस्तो मुद्रास्फीति १३.५ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क १६.३ प्रतिशतको उच्च दरले वृद्धि भएको भएतापनि गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क २.१ प्रतिशतले मात्र वृद्धि भएको कारण समग्र उपभोक्ता मुद्रास्फीति दर अघिल्लो आर्थिक वर्षको भन्दा कम रहेको छ । अघिल्लो वर्ष यी समूहहरुको मूल्य सूचकाङ्कको वृद्धि क्रमशः १४.२ प्रतिशत र १२.८ प्रतिशत रहेको थियो ।

२०. समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये तरकारी तथा फलफूलको वार्षिक विन्दुगत मूल्य सूचकाङ्कको वृद्धि सबैभन्दा बढी ४३.५ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस उपसमूहको मूल्यमा १४.६ प्रतिशतले ह्रास आएको थियो । यसैगरी, समीक्षा अवधिमा चिनी तथा चिनीजन्य वस्तुको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क ४०.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त उपसमूहको मूल्यमा ३८.९ प्रतिशतले वृद्धि भएको थियो । साथै, समीक्षा अवधिमा माछा, मासु तथा फुलको मूल्य सूचकाङ्क २९.० प्रतिशत र दलहनको २५.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा यी उपसमूहहरुको मूल्य सूचकाङ्क क्रमशः १४.५ प्रतिशत र २३.७ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको यसै अवधिमा २३.८ प्रतिशतले वृद्धि भएको खाद्यान्न उपसमूहको मूल्य सूचकाङ्क भने यस अवधिमा ५.८ प्रतिशतले मात्र वृद्धि भएको छ ।

२१. समीक्षा अवधिमा गैर-खाद्य वस्तु तथा सेवा समूहका वस्तुहरुमध्ये सुर्ती तथा सुर्तीजन्य वस्तुको वार्षिक विन्दुगत मूल्य वृद्धि १७.० प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धि १२.७ प्रतिशत रहेको थियो । अघिल्लो वर्षको यसै अवधिमा २३.१ प्रतिशतले वृद्धि भएको यातायात तथा सञ्चार उपसमूहको मूल्य सूचकाङ्कमा भने ८.७ प्रतिशतले ह्रास आएको छ ।

२२. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा तराईमा सबैभन्दा बढी ९.९ प्रतिशतले मूल्य वृद्धि भएको छ भने काठमाडौंमा ९.६ प्रतिशत तथा पहाडमा ९.४ प्रतिशतले मूल्य वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो वृद्धिदर क्रमशः १३.५ प्रतिशत, १४.१ प्रतिशत र १२.७ प्रतिशत रहेको थियो ।

२३. समीक्षा अवधिमा वार्षिक विन्दुगत अन्तर्निहित मुद्रास्फीति (Core Inflation) १०.९ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त मुद्रास्फीति १२.१ प्रतिशत रहेको थियो ।

## थोक मुद्रास्फीति

२४. समीक्षा अवधिमा राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर १२.६ प्रतिशत रहेको छ । यस्तो वृद्धिदर २०६५ भाद्रमा १०.३ प्रतिशत रहेको थियो । थोक मूल्य सूचकाङ्क र उपभोक्ता मूल्य सूचकाङ्क निर्धारणको आधार तथा दायरा समेत फरक रहेको छ । थोक मूल्य सूचकाङ्कमा तुलनात्मक रुपले नगदे बाली समुहअर्न्तगतको आलु र फलफूल तथा तरकारी समुहअर्न्तगत तरकारीको भार अधिक रहेको र यी वस्तुहरुको मूल्यमा समीक्षा अवधिमा उच्च

वृद्धि भएकोले थोक मूल्य सूचकाङ्क उपभोक्ता मूल्य सूचकाङ्कभन्दा बढी दरले वृद्धि भएको हो। थोक मूल्य अन्तर्गतका कृषिजन्य वस्तु र स्वदेशी उत्पादित वस्तुहरुको मूल्य क्रमश. २९.७ प्रतिशत र ४.६ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको मूल्य क्रमशः ०.७ प्रतिशत र १५.८ प्रतिशतले वृद्धि भएको थियो। यसैगरी अघिल्लो वर्षको यसै अवधिमा २४.० प्रतिशतले वृद्धि भएको आयातीत वस्तुहरुको मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा ७.९ प्रतिशतले ह्रास आएको छ।

२५. समीक्षा अवधिमा कृषिजन्य वस्तुहरुमध्ये नगदेवालीको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क सबैभन्दा बढी ८४.३ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको यसै अवधिमा उक्त सुचकाङ्कमा २३.२ प्रतिशतले ह्रास आएको थियो। यसैगरी, समीक्षा अवधिमा पशुजन्य उत्पादन र तरकारी तथा फलफूलको वार्षिक विन्दुगत मूल्यवृद्धि क्रमशः ४२.५ प्रतिशत र ३०.९ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा पशुजन्य उत्पादनको वार्षिक मूल्यवृद्धि १३.३ प्रतिशत रहेकोमा तरकारी तथा फलफूलको मूल्यमा भने २२.१ प्रतिशतले ह्रास आएको थियो। यसैगरी, समीक्षा अवधिमा मरमसलाको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क २०.२ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको यसै अवधिमा उक्त सूचकाङ्क १०.० प्रतिशतले वृद्धि भएको थियो।

२६. समीक्षा अवधिमा स्वदेशमा उत्पादित वस्तुहरुमध्ये पेय पदार्थ तथा सुर्ति सम्बन्धी वस्तुहरुको मूल्य २०.४ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको यसै अवधिमा यस्तो वृद्धि ५.० प्रतिशत रहेको थियो। साथै आयातीत वस्तुहरुमध्ये समीक्षा अवधिमा पेट्रोलियम पदार्थ तथा कोइला र यातायात तथा मेशिनरी वस्तुहरुको मूल्य सूचकाङ्कमा क्रमशः २०.२ प्रतिशत र ६.३ प्रतिशतले ह्रास आएको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्कहरु क्रमशः ३९.२ प्रतिशत र ३०.८ प्रतिशतले वृद्धि भएको थियो।

### राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

२७. समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क २०.८ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको यसै अवधिमा उक्त सूचकाङ्क ९.१ प्रतिशतले बढेको थियो। २०६६ साउनदेखि सरकारी कर्मचारीलगायत सुरक्षाकर्मी, संस्थानका कर्मचारी, शिक्षक आदिको तलबमा वृद्धि भएकोले यस अवधिमा तलव तथा ज्यालादर सूचकाङ्कमा बढी चाप परेको हो। तलब तथा ज्यालदरमध्ये तलब सूचकाङ्क समीक्षा अवधिमा ३२.८ प्रतिशतले वृद्धि भएको छ। यस्तो सूचकाङ्कमा अघिल्लो वर्षको यसै अवधिमा भने कुनै परिवर्तन भएको थिएन। ज्यालादर सूचकाङ्क समीक्षा अवधिमा १७.१ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको यसै अवधिमा यो सूचकाङ्क १२.३ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा ज्यालादर अन्तर्गत कृषि मजदुर, औद्योगिक मजदुर र निर्माण मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः १८.१ प्रतिशत, १५.८ प्रतिशत र १६.४ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको यसै अवधिमा यस्तो सूचकाङ्क क्रमशः १९.५ प्रतिशत, २.७ प्रतिशत र ९.० प्रतिशतले वृद्धि भएको थियो।

## सरकारी वित्त स्थिति

### बजेट घाटा/बचत

२८. आर्थिक वर्ष २०६६/६७ को पहिलो दुई महिनासम्ममा नगद प्रवाहमा आधारित सरकारी बजेट रु ५६ करोडले बचतमा रहेको छ। अघिल्लो वर्ष सरकारी बजेट रु.३ अर्ब ३७ करोडले

बचतमा थियो । समीक्षा अवधिमा राजस्वमा वृद्धि भए पनि सरकारी खर्चको वृद्धि पनि उल्लेख्य भएकोले सरकारी बजेट बचतमा कमी आएको हो ।

### सरकारी खर्च

२९. आर्थिक वर्ष २०६६/६७ को पहिलो दुई महिनासम्ममा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ६९.८ प्रतिशतले वृद्धि भई रु.२६ अर्व ५६ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा सरकारी खर्च ४०.४ प्रतिशतले बढेको थियो । चालू खर्चमा भएको उल्लेखनीय वृद्धिको कारण कुल सरकारी खर्चको वृद्धि दरमा विस्तार आएको हो ।

३०. समीक्षा अवधिमा नेपाल सरकारको चालू खर्च २०६६ भदौ मसान्तमा १०८.१ प्रतिशतले बढी रु.१७ अर्व ५६ करोड पुगेको छ । अघिल्लो वर्ष चालू खर्च ११.९ प्रतिशतले मात्र बढेको थियो । निजामती कर्मचारी एवं शिक्षकहरुको तलबभत्ता बृद्धिको कारण समेतले समीक्षा अवधिमा चालू खर्चमा विस्तार आएको हो ।

### सरकारी राजस्व

३१. आर्थिक वर्ष २०६६/६७ को पहिलो दुई महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन ५४.५ प्रतिशतले वृद्धि भई रु.२२ अर्व ५५ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा राजस्व १७.५ प्रतिशतले मात्र बढेको थियो । कर चुहावट नियन्त्रणमा सरकारको बलियो प्रतिवद्धता, राजश्व प्रशासनमा सुधार एवं विप्रेषण आयमा भएको उल्लेख्य बृद्धिबाट आयात र उपभोगमा बृद्धि हुनुको आदि कारणले राजस्व परिचालनमा उच्च बृद्धि देखिएको हो ।

### वैदेशिक नगद ऋण र अनुदान

३२. आर्थिक वर्ष २०६६/६७ को पहिलो दुई महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत् रु १५ करोड ८९ लाख र वैदेशिक नगद अनुदानवापत् रु.२ अर्व ७२ करोड प्राप्त भएको छ । अघिल्लो वर्ष ती शीर्षकहरुमा क्रमशः रु.६२ करोड ५१ लाख र रु.२ अर्व १२ करोड प्राप्त भएको थियो ।

## बाह्य क्षेत्र

### वैदेशिक व्यापार

३३. आर्थिक वर्ष २०६६/६७ को पहिलो दुई महिनासम्ममा कुल निर्यात १५.२ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल निर्यात ३५.७ प्रतिशतले बढेको थियो । कुल निर्यातमध्ये भारततर्फको निर्यात अघिल्लो वर्ष ६.७ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १३.२ प्रतिशतले घटेको छ । त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्ष ९४.७ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १७.४ प्रतिशतले ह्रास आएको छ ।

३४. भारततर्फ मुख्यतया तयारी पोशाक, जिंक शिट, धागो, तामाको तार तथा एल्मुनियम सेक्सनको निर्यात घटेको कारण त्यसतर्फको निर्यात घट्न गएको हो । त्यस्तै, अन्य मुलुकतर्फ विशेषगरी ऊनी गलैंचा, तयारी पोशाक, दाल, छाला तथा सुन तथा चाँदीका गहनाको निर्यातमा ह्रास आएको कारण त्यसतर्फको निर्यात घट्न गएको हो ।

३५. अघिल्लो वर्षको पहिलो दुई महिनासम्ममा ४५.५ प्रतिशतले वृद्धि भएको कुल आयात आर्थिक वर्ष २०६६/६७ को सोही अवधिमा २०.३ प्रतिशतले बढेको छ । कुल आयातमध्ये भारतबाट

भएको आयात अघिल्लो वर्षको ३५.४ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा १७.३ प्रतिशतले बढेको छ । त्यसैगरी अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्ष ६०.७ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा २४.२ प्रतिशतले वृद्धि भएको छ ।

३६. भारतबाट मुख्यतया सवारी साधन तथा पार्टपुर्जा, एम.एस. वायर तथा रड, विद्युतीय उपकरण, एम.एस.विलेट र अन्य मेशिनरी तथा पार्टपुर्जा एवं अन्य मुलुकबाट विशेषगरी सुन, विद्युतीय सामान, कच्चा भटमासको तेल, औषधि उपकरण तथा औजार र कम्प्यूटर तथा पार्टपुर्जाको आयातमा वृद्धि भएको कारण समीक्षा अवधिमा कुल आयात बढेको हो ।

## शोधनान्तर

३७. आर्थिक वर्ष २०६६/६७ को पहिलो दुई महिनासम्ममा समग्र शोधनान्तर स्थिति रु. ३ अर्व ७६ करोडले घाटामा रहेको छ । अघिल्लो आर्थिक वर्षको पहिलो दुई महिनामा रु. १ अर्व ८९ करोडले शोधनान्तर घाटामा रहेको थियो । आर्थिक वर्ष २०६६/६७ को पहिलो दुई महिनामा चालु खाता पनि रु. ५ अर्ब ७ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको पहिलो दुई महिनामा चालु खाता रु. २ अर्ब ५७ करोडले घाटामा रहेको थियो । ट्रान्सफर अन्तर्गत विप्रेषण आप्रवाह आर्थिक वर्ष २०६६/६७ को पहिलो दुई महिनामा १९.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ५९.४ प्रतिशतले बढेको थियो ।

## विदेशी विनिमय सँचिति

३८. २०६६ भाद्र मसान्तमा कुल विदेशी विनिमय सँचिति २०६६ असार मसान्तको तुलनामा २.९ प्रतिशतले घटी रु. २७१ अर्व ७९ करोडमा सीमित रह्यो । २०६५ भाद्र मसान्तमा यस्तो संचिति १.३ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा भने २०६६ असारदेखि भाद्र मसान्तसम्ममा कुल संचिति २.२ प्रतिशतले घटी अमेरिकी डलर ३ अर्व ५१ करोडमा सीमित हुन पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल संचिति अमेरिकी डलरमा गणना गर्दा ५.३ प्रतिशतले घटेको थियो । आर्थिक वर्ष २०६६/६७ को पहिलो दुई महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको विद्यमान स्तरले ९.५ महिनाको वस्तु आयात र ८.० महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

३९. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६५ भाद्र मसान्तमा प्रति व्यारल अमेरिकी डलर ८८.०६ रहेकोमा २०६६ भाद्र मसान्तमा २४.९ प्रतिशतले ह्रास आई प्रति व्यारल अमेरिकी डलर ६६.१६ पुगेको छ । त्यसैगरी सुनको मूल्य २०६५ भाद्र मसान्तको तुलनामा २०६६ भाद्र मसान्तमा ३०.३ प्रतिशतले बृद्धि भई प्रति आउन्स अमेरिकी डलर ७७९.५० बाट अमेरिकी डलर १०१५.७५ पुगेको छ ।

४०. २०६६ असार मसान्तको तुलनामा २०६६ भाद्र मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ०.७१ प्रतिशतले अधिमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ६.४८ प्रतिशतले अवमूल्यन भएको थियो । २०६६ भाद्र मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ७७.५० पुगेको छ । २०६६ असार मसान्तमा उक्त विनिमय दर रु. ७८.०५ रहेको थियो ।